नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #९८

११ असोज २०७७

| २०७७ बैशाख १ देखि असोज १० गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९० | ६७ | २२३ | ४१ | ३८ | ११ | ६५ | ० | २०५ | **३९६** | **१०५** | **४३९** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज १० गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २८८ | ६७ | २२२ | ३८ | ३७ | ९ | ३५ | ० | ८६ | **३६१** | **१०४** | **३१७** |
| **२०७७ असोज १० देखि ११ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | जनावर आक्रमण | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ० | **०** | ० | ० | **०** | ० | १ | १ | **०** | १ | **१** |

# दैनिक विपद् बुलेटिन

## १० असोज विहान १०:०० बजेदेखि ११ असोज विहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर आज १३ स्थानमा **अबिरल वर्षा**, **५** स्थानमा **बाढी**, ४ स्थानमा **आगलागी**, **१ स्थानमा बाघको आक्रमण**का घटना घटेका छन् । यी घटनामा परेर १ जनाको **मृत्यु**, १ जना **घाईते** भएको छ । यी घटनाबाट **३९ लाख** ४३ **हजार ५ सय रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १ | ० | २३ | १ | ३९,४३,५०० | ० | ८ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **२३** वटा घट्ना भएका छन् ।
- **चितवन**को भरतपुर महानगरपालिका वडा नं १३ सिमलगैंह्रीस्थित **बेलसहर मध्यवर्ती सामुदायिक वन**मा बर्ष ६३ का एक पुरुषलाई घाँस काट्ने क्रममा एक्कासी **बाघले आक्रमण गर्दा मृत्यु**।
- **नवलपरासी पश्चिम**को पाल्हीनन्दन गाउँपालिका वडा नं १ रम्पुरवास्थित एक घरमा ग्यासबाट आगो बाल्ने क्रममा अचानक शरिरमा **आगो सल्किन** गई **१ जना घाईते**।
- **धनकुटा**को धनकुटा नगरपालिका वडा नं ४ दानाबारीस्थित एक घर **अबिरल बर्षा**का कारण पूर्णरुपमा भत्किई **७ लाख रुपैंया** बराबरको क्षति, अर्को एक घरको गाह्रो चर्किई आंशिक क्षति। वडा नं ९ बैकुण्ठेस्थित एक घरको वाल **अविरल वर्षा**का कारण भत्कि क्षति। वडा नं ९ बेलहारा ढोडेनीस्थित एक घर **बर्षा**को कारण पुर्णरुपमा क्षति भई घरमा रहेको अन्नपात, लत्ताकपडा समेत गरी **५ लाख रुपैंया** बराबरको क्षति । महालक्ष्मी नगरपालिका वडा नं ४ हलेदीस्थित एक घरको पछाडी पट्टिको गाह्रोमा **अबिरल बर्षा**का कारण माथिबाट ढुंगा झरि आंशिक रुपमा भत्किएको।

## घट्ना सारांश...

- **तेह्रथुम**को छथर गाउँपालिका वडा नं ६ याक्सीजुङस्थित एक घरको गाह्रो **अविरल वर्षा**को कारण पुर्णरुपमा चर्किई **४ लाख रुपैंया** बराबरको क्षति । वडा नं ४ फाक्चामारा फ्याउकीस्थित एक घरको पश्चिम पट्टिबाट **अविरल वर्षा**का कारण बारीको ढिस्को झरी घरको टाटी बेरा भत्किई **५० हजार रुपैंया** बराबरको क्षति।
- **सर्लाही**को बरहथवा नगरपालिका वडा नं १६ टिकुलियास्थित एक घरको पर्खाल **अविरल वर्षा**को कारण भत्किई **६० हजार रुपैंया** बराबरको क्षति। चन्द्रनगर गाउँपालिका वडा नं १ रतनपुरस्थित एक कच्चि घर **अबिरल बर्षा**ले भत्किन गई पुर्णरुपमा क्षति हुँदा **१ लाख रुपैंया** बराबरको क्षति ।
- **रुपन्देही**को तिलोत्तमा नगरपालिका वडा नं ११ गणेशनगरस्थित सुखैरा खोलाको **बाढी**ले ३ वटा कच्ची घर र एउटा बंगुरको खोर बगाएको। देवदह नगरपालिका वडा नं १० रम्बादेवीटोल स्थित चरंगे खोलाको **बाढी**ले किनारमा रहेको एक घर, २ वटा बाख्रा र ६ वटा कुखुरा बगाएको। बुटवल उपमहानगरपालिका वडा नं १७ रानीगन्जस्थित तिनाउ खोलाको किनारमा रहेका २ वटा घर **बाढीले** बगाएको। बुटवल उपमहानगरपालिका वडा नं ४ लक्ष्मीनगरमा अबिरल बर्षाको कारण आएको **बाढी**ले ५ बटा बाख्रा, १ वटा स्कुटी र ११ ओटा कुखुरा सहितको खोर बगाएको। तिलोत्तमा नगरपालिका वडा नं १३ बभनिस्थित एक घर र कच्ची गोठ **अविरल बर्षा**को कारण पुर्णरुपमा भत्किई **३ लाख ५० हजार रुपैंया** बराबरको क्षति ।
- **भोजपुर**को अरुण गाउँपालिका वडा नं ४ न्याङस्थित एक गाई गोठमा खोले पकाउने क्रममा अचानक **आगलागी** हुँदा मकै, काठपात र गोठ समेत पुर्ण रुपमा जली **२ लाख ३ हजार ५ सय रुपैंया** बराबरको क्षति ।
- **मोरङ्ग**को बिराटनगर महानगरपालिका वडा नं १५ बैंकरोड स्थित एक घर **अबिरल बर्षा**को कारण भत्किई **६ लाख रुपैंया** बराबरको क्षति ।
- **संखुवासभा**को चैनपुर नगरपालिका वडा नं ८ कटहरेबेसी स्थित एक कच्ची घर **अबिरल बर्षा**को कारण अचानक भत्कन जाँदा अन्नपात, भाँडाबर्तन, लत्ताकपडा समेत गरी **७ लाख रुपैंया** बराबरको क्षति ।
- **बारा**को पचरौता नगरपालिका वडा नं १ पिपरपाती टोलस्थित २ वटा घर **अबिरल बर्षा**को कारण पुर्णरुपमा भत्किई **२ लाख ८० हजार रुपैंया** बराबरको क्षति ।
- **काठमाडौं**को कागेश्वरी मनहरा नगरपालिका वडा नं ६ तिवारी टोलस्थित एक घरमा पार्किङ गरी राखेको मोटरसाइकलमा एक्कासी बिद्युत सर्ट भई **आगलागी** हुँदा मोटरसाइकल जली पुर्णरुपमा क्षति ।
- **स्याङ्जा**को बिरुवा गाउँपालिका वडा नं ७ तल्लो सुरुङस्थित एक कच्ची धन्सार **अचानक भत्कन जाँदा** धन्सारमा रहेको १ ओटा गाई पुरिएर मरी **१ लाख रुपैंया** बराबरको क्षति ।
- **कास्की**को पोखरा उपमहानगरपालिका वडा नं १६ संगमचोक स्थित एक घरमा पार्किङ्ग गरि राखेको मोटरसाइकलमा **आगलागी** हुँदा मोटरसाइकल पूर्णरुपमा क्षति ।
- **पाल्पा**को तिनाउ गाउँपालिका वडा नं २ भुजेलटोलस्थित तिनाउ खोलामा **बाढी** आई एक घर र घर नजिकै रहेको कुखुराको फर्म, गोठ बगाई घरभित्र रहेको सुनको गहना, नगद, लोकल कुखुरा १०० वटा, अन्नपात, लत्ताकपडा, भाडाबर्तन, टेलिभिजन, फ्रिज लगायत सम्पुर्ण सामान बगाई लगेको र अर्को एक कच्ची घरमा **बाढी** पसी घर, घरभित्र रहेको अन्नपात, लत्ताकपडा, भाडाबर्तन लगायत सम्पुर्ण सामान बगाई लगेको ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट आगलागीमा परी घाईते भएकालाई नजिकैको स्वास्थ्य उपचार केन्द्र पठाइ उपचार भइरहेको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

असोज-११ (आईतबार) (विहान ७ बजे देखि २४ घण्टा)


- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्ने तथा सतर्कता तलै हुने पूर्वानुमान छ ।
- आज कन्काई र यसका सहायक नदीमा बहाव केहि बढ्ने, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य घट्ने तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज ईलाम, झापा, मोरङ, सुनसरी,उदयपुर, सप्तरी, सिराहा, धनुषा, सर्लाही, रौतहट, पर्सा, बारा, सिन्धुली, गोरखा, तनहूँ, लमजुङ, कास्की, पर्वत, नवलपरासी, रूपन्देही लगायत प्रदेश १ र २ भई बहने स-साना नदी जलाधारको केही स्थानमा क्षणिक मध्ययम बर्षा भई केहि साना नदीमा बहाव बढ्ने तर सतर्कता तलै हुने पूर्वानुमान छ ।

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः[http://hydrology.gov.np/](http://hydrology.gov.np/)**

## वर्षाको सारांश

असोज १० गते बिहान ०८:४५ बजे देखि असोज ११ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/११ गते बिहान ०८:४५ बजे १८५ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ५८ र स्वचालितः १३१) मा मापन गरिएको वर्षाको विवरण अनुसार ७६ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (८६ मि. मी.) झापा जिल्लाको चन्द्रगढी विमानस्थल केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये ६ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, ११ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र २० वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि [www.dhm.gov.np/climate/](http://www.dhm.gov.np/climate/)मा हेर्नुहोस।**

# आगामी तीन दिनको मौसम पूर्वानुमान

नेपाल सरकार
**उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय**
जल तथा मौसम विज्ञान विभाग
मौसम पूर्वानुमान महाशाखा
**मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)**
(जारी मितिः २०७७-०६-११ सांझ ०६:०० बजे)

**मौसम विश्लेषण (Meteorological Analysis):-**
हाल भारतको बिहारमा न्युन चापीय क्षेत्र कमजोर हुने क्रममा रहेको छ।

**हालको मौसमको अवस्था (Present Weather Status):**
हाल प्रदेश न. १ मा पूर्णतया बदली बाँकी प्रदेशमा सामान्य बदली रहेको छ।

## आगामी तीन दिनको मौसम पूर्वानुमान

**असोज ११ गते (आइतबार)**

**दिउँसो :** प्रदेश नं १, प्रदेश नं २, बागमती प्रदेश र गण्डकी प्रदेश मा सामान्य बदली रही धेरै स्थानहरू तथा प्रदेश नं ५, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा आंशिक बदली रही एक दुई स्थानमा मेघ गर्जन/ चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १ का एक/ दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ।

**राती :** प्रदेश नं १, बागमती प्रदेश, गण्डकी प्रदेश मा सामान्य बदली रही धेरै स्थानहरू तथा बाँकी प्रदेशहरुमा आंशिक बदली रही एक दुई स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ।

**असोज १२ गते (सोमबार)**

**दिउँसो :** प्रदेश नं १, बागमती प्रदेश, गण्डकी प्रदेश मा सामान्य बदली रही धेरै स्थानहरूमा हल्का वर्षा तथा बाँकी प्रदेशहरुमा आंशिक बदलीको सम्भावना रहेको छ।

**राती :** प्रदेश नं १, बागमती प्रदेश र गण्डकी प्रदेश मा सामान्य बदली रही धेरै स्थानहरू हल्का वर्षा तथा बाँकी प्रदेशहरुमा आंशिक बदलीको सम्भावना रहेको छ। प्रदेश नं १ का एक/ दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ।

**असोज १३ गते (मंगलबार)**

**दिउँसो :** प्रदेश नं १, बागमती प्रदेश, गण्डकी प्रदेश मा सामान्य बदली रही धेरै स्थानहरूमा हल्का वर्षा तथा बाँकी प्रदेशहरुमा आंशिक बदलीको सम्भावना रहेको छ।

**राती :** प्रदेश नं १, बागमती प्रदेश र गण्डकी प्रदेश मा सामान्य बदली रही धेरै स्थानहरू हल्का वर्षा तथा बाँकी प्रदेशहरुमा आंशिक बदलीको सम्भावना रहेको छ।

आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours):
प्रदेश नं १ का एक दुई स्थानमा भारी वर्षाको सम्भावना रहेकोले आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ।

**गणितिय मौसम पूर्वानुमानमा आधारित तीन दिनसम्मको मौसमको अवस्थाका लागि यो लिंकमा हेर्नुहोला ।**
http://mfd.gov.np/nwp/#/nwp/Precipitation, http://mfd.gov.np/nwp/#/nwp/Wind